# क्षेत्रीय आर्थिक समन्वय अत्यावश्यक

■ अभियान संवाददाता

भदौ २७, काठमाडौं । विश्वव्यापी आर्थिक मन्दीसँग जुध्न दक्षिण एशियाली मुलुकहरूले आर्थिक समन्वयको कार्य तत्काल अगाडि बढाउनु पर्ने विज्ञहरूले बताएका छन् । पाकिस्तानको राजधानी इस्लामाबादमा जारी पाँचौं दक्षिण एशियाली आर्थिक सम्मेलनमा सहभागी विज्ञहरूले यस्तो धारणा व्यक्त गरेका हुन् । दोस्रो चरणमा प्रवेश गरेको विश्वव्यापी आर्थिक मन्दीले यस क्षेत्रका मुलुकहरूको आर्थिक वृद्धिलाई पनि असर गर्दै आएको छ । तर, त्यसले क्षेत्रीय समन्वय बढाउने अवसर पनि प्रदान गरेको उनीहरूले बताएका छन् ।

अहिले यूरोजोनमा देखिएको सङ्कट ठूलो आर्थिक मन्दीमा विकसित हुन सक्ने साउथ एशियन वाच अन ट्रेड इकोनोमिक्स एण्ड एन्भायरोमेण्ट (सावती)का अध्यक्ष डा. पोषराज पाण्डेले बताए । 'त्यसैले निर्यात व्यापारका लागि युरोप र अमेरिकामाथि बढी भर परिरहेका दक्षिण एशियाली मुलुकहरूले घरेलु मागमा वृद्धि गरी सन्तुलित वृद्धिको रणनीति अपनाउनु आवश्यक छ,' उनले भने । पूर्वाधारमा लगानी र उत्पादनशीलतामा वृद्धि, वित्तीय क्षेत्रको कार्यदक्षतामा सुधार र विप्रेषणको उत्पादनशील क्षेत्रमा लगानीजस्ता कुरामा ध्यान केन्द्रित गर्दै समावेशी आर्थिक वृद्धिमा मुलुकहरूले ध्यान दिनुपर्नेमा उनले जोड दिए । त्यसका लागि क्षेत्रीय समन्वय र सहकार्य बढाउनु उत्तिकै आवश्यक रहेको उनको धारणा थियो ।

एशिया विश्व अर्थतन्त्रको केन्द्र बन्दै गएको विश्व बैङ्कका मुख्य अर्थविद् डा. कल्पना कोछार र यूएनएस्क्यापका मुख्य अर्थविद् डा. नागेस कुमारले बताए । त्यसैले यस क्षेत्रको आर्थिक वृद्धिका लागि लगानीकर्ताहरूको मनोबल बढाउने, प्रत्यक्ष वैदेशिक लगानी बढाउने , ऊर्जा, वस्तु तथा सेवा व्यापार र पारवाहनमा क्षेत्रीय समन्वय बढाउने खालका रणनीति बनाउनु पर्ने उनीहरूको धारणा थियो । यस क्षेत्रमा प्रतिस्पर्धासम्बन्धी कानूनलाई बलियो बनाउनु पर्ने पनि विज्ञहरूको सुझाव थियो । सम्मेलनमा प्रतिस्पर्धा, यातायात तथा लजिष्टिक, लोककल्याणकारी र दिगो विकास, सेवा व्यापार, बसाइँसराइ र सामाजिक जबाफदेहितामा छुट्टाछुट्टै सत्रहरू सञ्चालन गरिएको थियो । नेपालस्थित सावती, पाकिस्तानस्थित सस्टेनेबल डेभलपमेण्ट पोलिसी इन्स्टिच्युट (एसडीपीआई) र भारत, बङ्गलादेश र श्रीलङ्काका सदस्य संस्थाहरूले संयुक्तरूपमा सम्मेलनको आयोजना गरेका हुन् ।

सम्मेलनमा पुस्तक सार्वजनिक

क्षेत्रीय आर्थिक सम्मेलनको अवसर पारी सावतीले 'रिजनल इकोनोमिक इण्टिग्रेशन : च्यालेञ्जेज फर साउथ एशिया ड्युरिङ टर्ब्युलेण्ट टाइम्स' नामक पुस्तक सार्वजनिक गरेको छ । सावती र साउथ एशिया सेण्टर फर पोलिसी स्टडिजले संयुक्तरूपमा प्रकाशन गरेको पुस्तकले दक्षिण एशियाको क्षेत्रीय आर्थिक वृद्धिमा देखिएका चुनौतीहरूमाथि प्रकाश पारेको प्रकाशकले मङ्गलबार जारी गरेको विज्ञप्तिमा उल्लेख छ । पुस्तक श्रीलङ्काका डा. समन केलेगामा, नेपालका डा. रत्नाकर अधिकारी, पुष्प शर्मा र पारस खरेलले सम्पादन गरेका हुन् ।

